केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <bfird@nrb.org.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/३/०६६/६७ मिति : २०६६/०४/३०

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

आर्थिक वर्ष २०६६।६७ को मौद्रिक नीतिमा देहाय बमोजिमको व्यवस्था कायम गर्ने उल्लेख भएको हुंदा सो वमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. **सहवित्तीयकरण (Consortium) सम्बन्धमा:**
सहवित्तीयकरण अन्तर्गत प्रवाह भएका कर्जा उपभोग गर्ने फर्म/कम्पनीले अगुवा बैंक तथा सहभागी बैंकहरुसँग मात्र बैंकिङ्ग कारोबार गर्नुपर्ने छ। यो व्यवस्था Loose Consortium कर्जामा पनि समानरुपले लागू हुनेछ। तर, एक पटक सहवित्तीयकरण समूह गठन भइसकेपछि सो समूहको सहमति लिई नयाँ सदस्यलाई प्रवेश गराउन यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन।
Loose Consortium भन्नाले 'सहवित्तीयकरण समूह गठन नगरी एउटा परियोजनाको लागि पारिपासुको माध्यमबाट सुरक्षण कायम रहने गरी दुई वा दुई भन्दा बढी बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको/गर्ने कर्जा सापट तथा सुविधा' भन्ने सम्झनुपर्छ।

२. **एकल ग्राहक कर्जा सीमा (Single Obligor Limit) सम्बन्धमा:**
कोषमा आधारित सीमा प्राथमिक पूंजीको २५ प्रतिशत र गैर-कोषमा आधारित सीमा समेत गरी कुल एकल ग्राहक कर्जा सीमा प्राथमिक पूँजीको ५० प्रतिशतसम्म रहने व्यवस्थालाई यथावत राखिएको छ। विद्यमान एकल ग्राहक कर्जा सीमालाई २०६७ साउन १ गतेदेखि कोषमा आधारित तथा गैर-कोषमा आधारित सीमा समेत गरी प्राथमिक पूँजीको बढीमा २५ प्रतिशतसम्म रहने गरी कुल सीमा कायम गरिएको छ।

३. **वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) सम्बन्धमा:**
आर्थिक वर्ष २०६६।६७ देखि बैंक तथा वित्तीय संस्थाहरुले वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio, SLR) कायम गर्नुपर्ने व्यवस्था गरिएको छ। जसअनुसार २०६६ पुस मसान्तसम्ममा "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो स्वदेशी निक्षेप दायित्वको क्रमश: ६.० प्रतिशत, २.० प्रतिशत र १.० प्रतिशत अनिवार्यरुपमा सरकारी सुरक्षणपत्रमा लगानी गर्नुपर्ने छ। यस्तो अनुपात उल्लेखित बैंक तथा वित्तीय संस्थाहरुले २०६७ असार मसान्तसम्ममा क्रमश: ८.० प्रतिशत, ३.० प्रतिशत र २.० प्रतिशत कायम गर्नुपर्ने छ।
वैधानिक तरलता अनुपात गणना सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरिएको छ।

(१) वैधानिक तरलता अनुपात गणना गर्दा अघिल्लो महिनाको अन्त्यमा रहेको स्वदेशी निक्षेप दायित्वलाई आधार मानिनेछ।
(२) यस्तो अनुपात गणना गरी प्रत्येक महिनाभरको सरकारी सुरक्षणपत्रमा लगानी भएको रकमको विवरण निर्देशन फा.नं. १३.३ मा उल्लेख भए बमोजिम पेश गर्नुपर्ने छ।
(३) उल्लेखित मौज्दात नपुग भएको अवस्थामा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९९ को उपदफा (१) मा भएको व्यवस्थाको अधीनमा रही देहाय वमोजिम जरिवाना लगाइने छ :-
  (क) पहिलो पटक वैधानिक तरलता अनुपात नपुग भएको अवस्थामा नपुग भए जति रकममा प्रचलित बैंकदरको प्रतिशतले।
  (ख) दोश्रो पटक वैधानिक तरलता अनुपात नपुग भएको अवस्थामा नपुग भए जति रकममा प्रचलित बैंकदरको दोब्बर प्रतिशतले।
  (ग) तेश्रो पटक र सो भन्दा पछि जति पटक नपुग भए पनि नपुग भए जति रकममा प्रचलित बैंक दरको तेब्बर प्रतिशतले।
(४) खण्ड (क), (ख) र (ग) बमोजिम पटक कायम गर्दा प्रत्येक आर्थिक वर्षको लागि अलग अलग पटक कायम गरिनेछ।
(५) वैधानिक तरलता अनुपात नपुग भए जति रकममा प्रचलित बैंक दरको प्रतिशतले मासिक हिसावमा हर्जाना लगाइनेछ र यसरी नपुग भए जतिको रकमलाई बैंकदरको प्रतिशतले गुणा गरी बाह्रले भाग गरिनेछ।
(६) वैधानिक तरलता अनुपात नपुग भएको अवस्थामा जरिवानाको प्रयोजनका लागि यस बैंकले तोके बमोजिम प्रकाशित गरेको बैंकदरलाई नै आधार लिइनेछ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <bfird@nrb.org.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

द्रष्टव्यः १. यस दफाको प्रयोजनको लागि सरकारी सुरक्षणपत्र भन्नाले नेपाल सरकारले जारी गरेको बचतपत्र, विकास ऋणपत्र, ट्रेजरी विल्स तथा यस बैंकले तोकेको अन्य सुरक्षणपत्र सम्झनुपर्छ ।

२. नपुग वैधानिक तरलता अनुपातको जरिवाना गणना २०६६ पौषमसान्तको विवरणको आधारमा गरिने भएतापनि सो सम्बन्धी मासिक विवरणको रिपोर्टिङ्ग कार्य भने यो परिपत्र जारी भएको मितिदेखि नै गर्नुपर्ने छ । वैधानिक तरलता अनुपात विवरण प्रत्येक महिना समाप्त भएको पन्ध्र दिनभित्र पठाउनु पर्नेछ ।

४. **<u>सहायक कम्पनी (Subsidiary Company) सम्बन्धमाः</u>**

इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो स्वामित्वमा एउटा छुट्टै लघुवित्त संस्था खोली सो सहायक कम्पनी मार्फत् विपन्न वर्गमा कर्जा प्रवाह गर्न चाहेमा र सोको लागि आवश्यक प्रक्रिया पूरा गरेमा कारोवारको अनुमति दिइनेछ । लघुवित्त कारोबार गर्ने "घ" वर्गको वित्तीय संस्थाको हकमा एकाघर परिवार, फर्म, कम्पनी वा सङ्गठित संस्था वा एकै समूहका कम्पनीको शेयर लगानीको अधिकतम हद चुक्ता पूँजीको २५ प्रतिशतसम्म हुनसक्ने विद्यमान व्यवस्था रहेकोमा यसरी सहायक कम्पनी स्थापना गर्न इजाजतपत्रप्राप्त ("क", "ख" र "ग" वर्गका) बैंक तथा वित्तीय संस्थाबाट अनुरोध भई आएमा त्यस्तो शेयर लगानीको सीमामा छुट दिने व्यवस्था कायम गरिएको छ ।

५. **<u>विपन्न वर्ग कर्जा (Deprived Sector Lending) सम्बन्धमाः</u>**

क. विपन्न वर्ग कर्जा अन्तरगत वाणिज्य बैंकहरु (क वर्ग) ले बैंकको कुल बाँकी कर्जाको ३ प्रतिशत प्रवाह गर्नुपर्ने वर्तमान व्यवस्थालाई यथावत कायम राखी आगामी आर्थिक वर्ष २०६६।६७ को लागि विकास बैंक (ख वर्ग) ले २.० प्रतिशत र वित्त कम्पनी (ग वर्ग) ले १.५ प्रतिशत अनिवार्य रुपमा विपन्न वर्गमा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ । तोकिए अनुरुपको दरमा कर्जा प्रवाह भए नभएको गणना आर्थिक वर्ष २०६६।६७ को दोस्रो त्रैमासदेखि गरिनेछ ।

ख. विपन्न वर्ग कर्जा प्राप्त गर्न योग्य व्यक्ति/समुदायले एकल वा सामुहिकरुपमा गलैचाको लागि आवश्यक पर्ने ऊन उत्पादन गर्ने प्रयोजनार्थ भेडापालन गर्न वा गलैंचा बुन्ने तान राख्नका लागि बैंक तथा वित्तीय संस्थाहरुवाट स्वीकारयोग्य धितो लिई प्रति परिवार रु १,५०,०००।- मा नबढ्ने गरी प्रवाह भएको कर्जालाई विपन्न वर्ग कर्जाको रुपमा गणना गरिनेछ । त्यसैगरी, विपन्न वर्ग कर्जा प्राप्त गर्न योग्य सीमान्त तथा साना किसान वा किसान समुदायले मलखाद तथा बीउविजन खरीद, सामूहिकरुपमा उत्पादन भण्डारणको लागि शीत भण्डार निर्माण, उत्पादनको वजारिकरण, पशुपालन, साना सिंचाई कुलो, स्यालो ट्युववेल जडानजस्ता उद्देश्यका लागि पनि बैंक तथा वित्तीय संस्थाहरुबाट स्वीकारयोग्य धितो लिई प्रति परिवार रु.१,५०,०००।- मा नबढ्ने गरी प्रवाह गरिएको कर्जालाई विपन्न वर्ग कर्जाको रुपमा गणना गरिनेछ ।

६. **<u>चेक मार्फत् कारोबार गर्ने (Transaction through Cheque) सम्बन्धमाः</u>**

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को उद्देश्यलाई समेत सहयोग पुऱ्याउन रु.५० लाख वा सो भन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्यरुपमा एकाउन्टपेयी चेक मार्फत् गर्नुपर्ने व्यवस्था गरिएको छ ।

भवदीय,

(रामप्रसाद गौतम)
उप-निर्देशक

<u>बोधार्थ :</u>

१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, लघु वित्त विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
७. श्री नेपाल राष्ट्र बैंक, बैंकिंग कार्यालय, थापाथली तथा जिल्ला स्थित कार्यालयहरु ।
८. श्री नेपाल धितोपत्र बोर्ड, थापाथली, काठमाण्डौं ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१०. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
११. श्री नेपाल वित्त कम्पनी संघ, बागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।